नेपाल कानून व्यवसायी परिषद्

NEPAL BAR COUNCIL

# बुलेटिन

वर्ष २५ | पूर्णाङ्क २४ | साउन २०७९

नेपाल कानून व्यवसायी परिषद्

कुपण्डोल, ललितपुर

# नेपाल कानून व्यवसायी परिषद्
# (Nepal Bar Council)
# बुलेटिन

वर्ष २५ | पूर्णाङ्क २४ | साउन, २०७९

**सम्पादक**
नानीबाबु दाहाल
मोना सिंह

**प्रकाशक**
**नेपाल कानून व्यवसायी परिषद्**
कुपण्डोल, ललितपुर फोन: ५२६१८८४/५२६०९६४
E-mail: info@nepalbarcouncil.org.np
website: www.nepalbarcouncil.org.np

मूल्य रू. ५००।-

# नेपाल कानून व्यवसायी परिषद्

# बुलेटिन

## परिषद्का पदाधिकारीहरू



खम्मबहादुर खाती
*अध्यक्ष*



गोपालकृष्ण घिमिरे
*उपाध्यक्ष*



निर्मला पौडेल
पार्षद्



डा. कृष्णप्रसाद बश्याल
पार्षद्



डा. चन्द्रकान्त ज्ञवाली
पार्षद्



प्रेमप्रसाद पोखरेल
पार्षद्



मुकुन्दराज अर्याल
पार्षद्



श्यामकुमार मिश्र
पार्षद्



बाबुराम पाण्डे
पार्षद्



प्रकाशबहादुर पाण्डेय
पार्षद्



रामबाबु बि.सी.
पार्षद्



भीमबहादुर गुरुङ
पार्षद्



सुनीता सुन्दर चौधरी
पार्षद्



मोना सिंह
*सचिव*

# प्रकाशन समिति



मुकुन्द शर्मा पौडेल
*संयोजक*



सन्ध्या बस्नेत भट्ट
*सदस्य*



शुभनराज आचार्य
*सदस्य*



पंकजकुमार कर्ण
*सदस्य*



आर्या श्रेष्ठ
*सदस्य*



अनन्तराज लुईटेल
*सदस्य*



मोहन साशंकर
*सदस्य*



नानीबाबु दाहाल
*सदस्य*

# परिषद्का कर्मचारीहरू



बिदुरप्रसाद सापकोटा
*वरिष्ठ प्रशासकीय अधिकृत*



सुरेश महर्जन
*कम्प्युटर तथा अभिलेख अधिकृत*



मीरा ज्ञवाली
*प्रशासन सहायक*



अपर्णा ढकाल
*कार्यालय सहायक*



रन्जिता डोटेल
*कार्यालय सहायक*



मुकुन्द खड्का
*कार्यालय सहयोगी*



तुलसा खड्का
*कार्यालय सहयोगी*



विजय तामाङ
*कार्यालय सहयोगी*



सोमलाल तामाङ
*हलुका सवारी चालक*

# मन्तव्य

कानून व्यवसायी परिषद् नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० द्वारा स्वायत्त संस्थाको रूपमा स्थापित निकाय हो । कानून व्यवसाय पेशालाई संविधानमा नै उल्लेख गरेको छ । मुलुकको पन्ध्रौ राष्ट्रिय योजनाको 'न्याय प्रणाली' शीर्षक अन्तर्गत नेपाल कानून व्यवसायी परिषद्‌को संस्थागत क्षमता सुदृढीकरणसँग सम्बन्धित रणनीतिक योजना र कार्यनीतिहरूलाई समावेश गर्ने प्रयास गरिएको छ । योजनामा कानून व्यवसायीको पेशागत मर्यादा, दक्षता अभिवृद्धि गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने, कानूनी शिक्षा र यससँग सम्बन्धित संस्थालाई गुणस्तरीय प्रतिस्पर्धी र समाजको आवश्यकता परिपूर्ति गर्ने गरी कानूनी शिक्षा प्रणालीको विकास गर्ने, कानून व्यवसायी लागि स्तरीय कानूनी शिक्षालाई प्रोत्साहन दिन कानून व्यवसायको लागि उपयुक्त मापदण्ड लागू गर्ने, परिषद्‌बाट कार्यान्वयन हुने, सबै किसिमका क्रियाकलाप लगायत उपलब्ध हुने सेवा सुविधा र सोको संरचनालाई लैङ्गिकमैत्री तथा सामाजिक समावेशीकरणको सिद्धान्तलाई अवलम्बन गरिएको छ । विगतको तुलनामा कानून शिक्षा एवं कानून व्यवसायप्रति युवापुस्ताको आकर्षण बढ्दै गएको छ । कानून व्यवसाय अब परम्परागत ढंगका मुद्दा र रिटको प्रतिरक्षाका खातिर बहस र पैरवीमा मात्र सीमित छैन । कानून व्यवसायीले कानून व्यवसायका अतिरिक्त मध्यस्तता, मेलमिलाप, कानूनी सहायता लगायतका अवसरहरूमा आफ्नो कार्यक्षेत्रलाई विस्तार गरेका छन् । परिषद् मर्यादित कानून व्यवसायलाई उत्थान गर्नका लागि स्थापित नियमनकारी निकाय पनि भएकोले परिषद्‌ले गर्ने हरेक कामकारवाहीलाई सरोकारवाला तथा सर्वसाधारणले नजिकबाट नियालिरहेका हुन्छन् । यस अर्थमा परिषद्‌का कामकारवाही मार्फत कानून व्यवसायप्रति जनआस्था अभिवृद्धि गर्नुपर्ने गहन जिम्मेवारी समेत रहेको छ ।

नेपाल कानून व्यवसायी परिषद्‌ले विगतमा गरेको कार्यक्रमहरूको समीक्षा एवं हासिल भएको उपलब्धिहरूको मूल्याङ्कन गर्दै रणनीतिक योजनाले निर्दिष्ट गरेका गतिविधि र क्रियाकलापहरूलाई योजनावद्ध ढंगले अगाडि बढाउँदै लगेको छ । परिषद् अन्तर्गत रहेका विभिन्न विषयगत समितिहरूले कार्यादेश बमोजिमका जिम्मेवारीहरूलाई अगाडि बढाइरहेका छन् ।

परिषद्‌ले भविष्यमा प्रदान गर्ने सेवालाई थप चुस्तदुरूस्त एवं पारदर्शी बनाउन आन्तरिक व्यवस्थापनमा सुधार गर्ने कार्य भइरहेको छ । रणनीतिक योजनाले सम्बोधन गर्नुपर्ने सवालहरूमा कानून शिक्षाको गुणस्तर अभिवृद्धि, कानून व्यवसायीको पेशागत रूपमा दक्षता विकास, कानून व्यवसायीको परीक्षा प्रणालीमा सुधार, कानून व्यवसायीको हकहित संरक्षण, कानून व्यवसायी सेवामा विषयगत विशिष्टीकरण, आचारसंहिताको प्रभावकारी कार्यान्वयन र नियमित अनुगमन, परिषद्‌को सेवा प्रवाहमा सुधार, कानून र न्यायसँग सम्बन्धी अध्ययन र अनुसन्धान, मर्यादित कानून व्यवसायको सुनिश्चितता, न्यायमा सहज पहुँच अभिवृद्धि, संस्थागत सुदृढीकरण (ऐन तथा नियमावलीहरूको पुनरावलोकन समेत), स्वचालित सूचना तथा प्रविधि प्रणालीको स्थापना, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्वद्ध निकायबीच सम्वन्ध विकास, सम्बद्ध निकायबीच कार्यक्षेत्र र सहकार्यको क्षेत्रहरू पहिचान तथा आपसी सहयोग र समन्वय विकास, नेपाल कानूनको वार्षिक सर्वेक्षण जस्ता अवसर र चुनौतीहरूलाई सम्बोधन गर्नका लागि आवश्यक पर्ने स्रोत साधन जुटाउन परिषद् निरन्तर प्रयासरत रहेको छ ।

अन्त्यमा, प्रस्तुत बुलेटिन प्रकाशन गर्ने कार्यमा सहयोग गर्ने परिषद् पदाधिकारीहरू, प्रकाशन समितिका संयोजक एवं सदस्यहरू, सम्पादक, परिषद् सचिव लगायतका कर्मचारीहरू सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । परिषद्‌बाट सम्पादन हुने कार्यलाई थप प्रभावकारी बनाउन रचनात्मक सल्लाह र सुझावको अपेक्षा गर्दै परिषद् स्थापना दिवसको अवसरमा सबै कानून व्यवसायीहरूमा व्यावसायिक सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु ।

.............................

खम्म बहादुर खाती
महान्यायाधिवक्ता
एवम्
अध्यक्ष
नेपाल कानून व्यवसायी परिषद्

# प्रकाशकीय

नेपाल एक प्राचीन देश हो । प्राचीन कालदेखि नै यस देशको आफ्नै मौलिक कानूनी व्यवस्था रहेको पाइन्छ । नेपालको कानूनी इतिहासमा धर्मशास्त्र तथा नीतिशास्त्रका आधारमा परम्परागत मूल्यमान्यता र सामाजिक रीतिथितिबाट राज्य सञ्चालन भएको देखिन्छ । हालसम्मको ऐतिहासिक अध्ययनले नेपालमा प्राचीन कालमा किरात तथा शैव उपासकले राज्य गर्दथे । उनीहरू प्रकृति अर्थात् शिवको उपासना गर्ने गर्दथे । त्यसबखत प्रकृतिलाई ईश्वरीय अवतारको रूपमा सामाजिक अनुबन्धबाट संस्कारित राज्य भई सञ्चालन भएको पाइन्छ । किरातकालमा प्रकृति पूजाको रूपमा वृक्ष, ढुङ्गा, माटो, खोला, नदी, आगो, सूर्य, वायु, आकाशलाई, देवता मानी पूजाआजा गरिन्थ्यो । प्राचीनकाल देखिनै प्रकृतिलाई परमेश्वरको रूपमा पूजाआजा गरी प्रकृतिबाट सृजित मानव रक्षक वातावरणलाई संरक्षण गर्न विभिन्न विधि प्रचलनमा रहेको पाइन्छ । जस्तो कि पानीको मुहानमा रूख रोप्ने, जथाभावी रूख कटान गर्न नहुने, जल तथा वायुमा प्रदूषण गर्न नहुने, जथाभावी प्रदूषित शब्द (गाली बेइज्जती अश्लील शब्द) उच्चारण गरेमा आकाश प्रदूषण हुने हुँदा नराम्रो शब्द र विचार भावना मनमा लिन नहुने एवम् विश्वास विपरित गरेमा पाप लाग्ने भन्ने जस्ता नैतिक रीतिथिति प्रचलनमा रहेको पाइन्छ । किरातकालीन समाज आदिम सनातन शिवपूजा, प्रकृति पूजाको विधि नैतिकज्ञान, वेद, मुन्धुम जस्ता संहिताकृत ग्रन्थद्वारा अनुबन्धित गरिएको दृष्टान्त छ ।

नेपालको लिच्छविकालीन सभ्यतामा यम, मनु, शुक्र, नारद, जनक, बुद्धका दर्शनलाई सामाजिक अनुबन्धनका रूपमा लिएको पाइन्छ । लिच्छवि राजाहरू संस्कृत भाषाका ज्ञाता हुनुका साथै पूर्वीय दर्शनसँग जानकार रहेका हुँदा उनीहरूको शासन व्यवस्था लोककल्याणकारी रहेको पाइन्छ । राजा मानदेव, अंशुवर्मा जस्ता लिच्छवि शासकहरूले लोककल्याणकारी विधि र परम्पराको आधारमा विद्वान्हरूको राय सल्लाह लिई न्याय सम्पादन गर्ने गरेको इतिहासमा उल्लेख छ । त्यस्तै पश्चिमका खस राज्यहरूमा समेत संस्कृत भाषाका विद्वान् भट्टाचार्य धर्मधिकारीहरूको राय सल्लाह लिई शास्त्रीय विधिबाट संगठित राज्य सञ्चालन भएको पाइन्छ । कर्णाली खस राज्यमा तत्कालीन राज्यको आर्थिक मामिला हेर्नेलाई 'कार्की', सञ्चार क्षेत्रमा काम गर्ने कोतवालालाई 'कटुवाल', अधिकार प्राप्त मुखियालाई 'अधिकारी' र भण्डार व्यवस्थापन गर्नेलाई 'भण्डारी' पढाउने गुरूलाई आचार्य उपाध्याय जस्ता उपाधि खस राज्यबाट प्रचलन भई स्थापित भएको थियो । कालान्तरमा यसलाई 'थर'को रूपमा लिइयो । त्यस्तै तिरहुत, डोय मिथुला राज्यमा प्राचीन कालदेखि नै जनक दर्शनको विकास भएको थियो । प्राचीनकालमा जनक राजाको दरवारमा याज्ञवल्क्य, गार्गी, मैत्रयी जस्ता विद्वान् विदुषीहरूबाट शास्त्रीय प्रवचन, व्याख्या र बहस हुन्थ्यो । लोककल्याणकारी राज्यको रूपमा विदेहराज्य दक्षिणमा प्रख्यात् थियो ।

मल्लकालमा जयस्थिति मल्लले दक्षिणबाट कान्यकुब्ज तथा मैथल संस्कृतिका विद्वान् पण्डितहरू झिकाई नार दस्मृति लगायतका पूर्वीय दर्शनशास्त्रको सारसंक्षेप संहिताकरण गर्न लगाएका थिए । उनले नेपालमा मानव न्यायशास्त्र 'न्याय विकासिनी' ग्रन्थ तयार गरेको इतिहासमा उल्लेख छ । जयस्थिति मल्लबाट तत्कालीन समाजमा रहेका विभिन्न वर्ग तहतप्काका मानिसलाई सीप र इलमयुक्त दक्ष नागरिक बनाई राष्ट्रको उन्नति गर्न श्रम विभाजन गरेको दृष्टान्त समेत छ । मल्लकालीन राज्य समेत धार्मिक, सांस्कृतिक वैभव सम्पन्न रहेको इतिहासबाट पुष्टि हुन्छ । शाहकालीन न्याय व्यवस्थामा राम शाहको नाम इतिहासमा अग्रस्थानमा आउँछ । 'न्याय नपाए गोरखा' जानू भन्ने भनाइ हालसम्म जनमानसमा रहेको छ । राम शाहले विभिन्न सामाजिक रीतिथितिलाई अनुबन्ध गरी समाजमा लागू गरी राज्य सञ्चालन गरेको इतिहासमा उल्लेख छ । पृथ्वीनारायण शाहले राज्य एकीकरण क्रममा आफ्ना भाइभारदारलाई दिएको 'दिव्य उपदेश' र सोही आधारमा उनका बंशजले राज्य एकीकरण गरी सञ्चालन गरेको ऐतिहासिक दृष्टान्त छ । राणाकालीन समाजमा समेत नेपालको मौलिक कानून पूर्वीय दर्शनमा आधारित थियो । त्यस बखत रीतिथिति र परम्परालाई समेत महत्व दिई विवेकसम्मत ढङ्गले न्याय सम्पादन गर्ने प्रचलन रहेको थियो । जंगबहादुर राणा नेपालको

शासनमा प्रवेश गरेपछि पूर्वीय दर्शन, शास्त्रीय रीतिथिति, सनद सवाल तथा विभिन्न विद्वान्हरूको राय सल्लाह लिई वि.सं. १९१० सालमा मुलुकी ऐनको सूत्रपात गरेका थिए । त्यसपछि आधुनिक नेपाली कानूनको संहिताकरणको प्रारम्भ भएको हो । सो मुलुकी ऐनलाई वि.सं. १९४५ सालमा वीर समशेरले ५ भागमा विभाजन गरी सम्पादन गरेपछि क्रमशः आधुनिक कानूनी दस्तावेजको रूप धारणा गर्दै आएको पाइन्छ ।

नेपालको मौलिक कानूनी व्यवस्था २००७ सालसम्म प्रचलनमा रहेको थियो । २००७ सालको परिवर्तनपछि नेपालमा बुच कमिशनको गठन भएको थियो । वुच कमिशनको सिफारिशमा नेपालको मौजुदा कानून, सनद सवाल एवम् इस्तिहार आदिलाई आधुनिक कानूनी दस्तावेजको रूप दिन, नयाँ आधुनिक कानूनी मसौदा गरी कानूनी सुधार गर्न १९१० सालमा ल कमिशनको स्थापना भएको थियो । त्यसपछि पश्चिमी विधिशास्त्रीय ढाँचाको न्याय सम्पादन गर्ने प्रचलनले प्रश्रय पाएको हो ।

प्राचीनकालदेखि नै फौजदारी अपराधको अभियोग लागेका व्यक्तिलाई आफैँ भौतिक साक्षात्कार भई बयान लिई अनुसन्धान हुनुपर्ने र निजले आत्मपरिक्षत हुनुपर्ने बाध्यता रहने हुँदा वारिसको व्यवस्था थिएन । तर साम्पत्तिक विषयका मुद्दामा विशेष परिस्थिति र मुद्दा परेमा स्वयम् सरोकारवाला हाजीर हुन असमर्थ भएको अवस्थामा मुद्दाको जानकार व्यक्ति तथा निजका आफन्तले प्रतिनिधित्व हुन सक्ने व्यवस्था प्राचीनकाल देखिनै रहेबाट नेपालमा वारिसको हैसियतले साविक देखिनै पक्षको प्रतिनिधित्व (वकील) हुने व्यवस्था रहेको पाइन्छ । यद्यपि आधुनिक पश्चिमाशैलीको वकीलको व्यवस्था भने प्रधानन्यायाधीश हरिप्रसाद प्रधानको पालादेखि अर्थात् २००८ सालदेखि प्रचलनमा आएको विषयमा विवाद छैन । साविक मुलुकी ऐन प्रचलनमा आउनुपूर्व प्रचलनमा रहेको वारिससम्बन्धी परम्परागत व्यवस्थालाई कालान्तरमा १९९१ मंसीर ०६ गतेको सनद तथा मुलुकी ऐन, १९१० को संशोधित १९९२ सालबाट अ.वं. १६ नं. मा पक्षको तर्फबाट वारिस हुने कानूनी व्यवस्था भएको हो । साविकमा 'वकील' कुटनैतिक विदेश मामिलाका जानकार प्रतिनिधिलाई मात्र बुझाउने प्रचलन रहेको थियो । पछि वकील भन्नाले मुद्दा मामिलाको रोहमा पक्षको तर्फबाट प्रतिनिधित्व गरी अड्डा अदालतमा वहस पैरवी गर्ने व्यक्तिलाई बुझाउने गरी सर्वोच्च अदालत नियमावली, २०१३ को परिच्छेद ३ मा सर्वप्रथम व्यवस्था भएको पाइन्छ । सोही आधारमा नेपालमा सर्वोच्च अदालतबाट योग्यता पुगेका व्यक्तिलाई वकीलको लगत अभिलेख राखी प्रमाणपत्र दिने प्रचलन शुरू भएको यियो । कानून व्यवसायी ऐन, २०२५ जारी भएपछि सोही ऐन बमोजिम कानून व्यवसायीलाई परिभाषित गरी नियमन हुँदै आएको थियो । यद्यपि नेपालमा कानून व्यवसायलाई नियमन गर्ने छुट्टै निकायको गठन भएको थिएन । सर्वप्रथम २०३४ सालमा सम्पन्न भएको नेपाल बार एशोसिएशनको प्रथम सम्मेलनमा कानून व्यवसायीलाई नियमन गर्ने बार काउन्सील ऐनको आधारमा विशेष निकायको व्यवस्था हुनुपर्छ भन्ने अवधारणा सहित विधेयकको प्रस्तावित मसौदामा छलफल भएको थियो । सोही अवधारणा अनुरूप २०४७ सालको परिवर्तनपछि नेपालमा नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० बमोजिम गठित नेपाल कानून व्यवसायी परिषद्बाट नेपालमा कानून व्यवसायीलाई योग्यता परीक्षा लिई प्रमाणपत्र प्रदान गर्ने र अभिलेख नियमन गर्ने व्यवस्था हुँदै आएको छ । परिषद्ले नेपालमा गुणस्तरीय कानूनी शिक्षा लगायत विद्यमान ऐन कानूनको अध्ययन अनुसन्धान लगायत न्यायपालिकाको सुदृढीकरण, कानून व्यवसायीको हकहित, वृत्ति विकास, क्षमता अभिवृद्धिका कार्यक्रमलाई समेत आफ्नो रणनीतिक योजना अन्तर्गत राखी सञ्चालन गर्दै आएको छ । भावी दिनमा लयर्स एकेडेमी (कानून व्यवसायी प्रतिष्ठान)को माध्यमबाट कानून व्यवसायीको क्षमता अभिवृद्धि, अध्ययन, अनुसन्धान र तालिमको व्यवस्था गर्ने योजनाको अवधारणा समेत परिषद्को रहेको छ । नेपाल कानून व्यवसायी परिषद् स्थापनाको २९ औं वर्षको यात्रामा बुलेटिनको वर्ष २५ अंक २४ यहाँहरूसामु प्रस्तुत गरिएको छ । यस वर्षबाट परिषद्को तर्फबाट अंग्रेजी भाषाको अतिरिक्त नेपाली भाषामा समेत जर्नल प्रकाशनको सुरूवात गरिएको छ । नियमित बुलेटिनको यस अंकमा सदाझैं परिषद्को वार्षिक गतिविधि लगायत कानून व्यवसायीको प्रमाणपत्र प्राप्त अधिवक्ताहरूको नामावली, अद्यावधिक नामावली लगायत ऐतिहासिक दस्तावेज प्रकाशन सामग्रीको सम्पादन गरी यहाँहरू समक्ष प्रस्तुत गरिएको छ । यहाँहरूबाट सदाझैं परिषद्को नियमित गतिविधि तथा कार्यक्रममा साथ सहयोगको अपेक्षा राखेका छौं ।

धन्यवाद ।

**प्रकाशन समिति**

# विषय सूची

## अभिलेख खण्ड


| विषय | पृष्ठ संख्या |
|---|---|
| परिषद्को वार्षिक गतिविधि | १–६ |
| वरिष्ठ अधिवक्ताको उपाधि प्राप्त गर्नु भएका कानून व्यवसायीहरुको नामावली | ७–१६ |
| २९ औं अधिवक्ता तहको परीक्षामा उत्कृष्ट स्थान हासिल गरी नेपाल कानून व्यवसायी परिषद् पुरस्कारबाट पुरस्कृत भएका परीक्षार्थीहरूको नामावली | १७–१७ |
| परिषद्बाट यस वर्ष पुरस्कृत पुस्तक र सो पुस्तकका लेखक | १७–१७ |
| यस वर्ष प्रमाणपत्र लिएका अधिवक्ताहरूको नामावली | १८–५३ |
| २९ औं कानून व्यवसायी परीक्षा उत्तीर्ण गरी परिषद्बाट प्रमाणपत्र लिन बाँकी परीक्षार्थीहरूको नामावली | ५४–५६ |
| कानून व्यवसायीहरूको अद्यावधिक सूची | ५७–८६ |
| कानून व्यवसायीको कार्यालय दर्ता विवरण | ८७–९७ |
| कानून व्यवसायीको आचारसंहिता, २०५१ बमोजिम परिषद्बाट कारवाही भएका कानून व्यवसायीहरूको विवरण | ९८–९८ |
| आ.व. २०७७७०७८ को लेखापरीक्षण प्रतिवेदन | ९९–११५ |
| नेपाल कानून व्यवसायी परिषद् अधिवक्ता तहको पाठ्यक्रम, २०७९ | ११६–१२३ |

## ऐतिहासिक दस्तावेज (साभार)


| विषय | पृष्ठ संख्या |
| --- | --- |
| श्री ५ महेन्द्रको शाही घोषणा | १२५–१२५ |
| सर्वोच्च अदालत नियमावली- २०१३ (वकील सम्बन्धी व्यवस्था) | १२६–१३० |
| वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने सम्बन्धी मापदण्ड, २०७६ | १३१–१३६ |
| कानून व्यवसायीको भूमिका सम्बन्धी आधारभूत सिद्धान्त, १९९० | १३७–१४१ |


## ऐतिहासिक खोज टिपोट (अध्ययन, अनुसन्धान)


| | |
| --- | --- |
| पहिलो प्रधानन्यायाधीश हरिप्रसाद प्रधान | १४३–१४४ |
| सर्वोच्च अदालतका प्रथम प्रधान न्यायाधीश अनिरूद्ध प्रसाद सिंह | १४५–१४५ |
| प्रथम एटर्नी जनरल (महान्यायाधिवक्ता) कालीप्रसाद उपाध्याय | १४६–१४६ |
| वरिष्ठ अधिवक्ता शम्भुप्रसाद ज्ञवाली | १४७–१४९ |
| अधिवक्ता कृष्णप्रसाद घिमिरे | १५०–१५१ |
| महान्यायाधिवक्ता मेघराज बहादुर विष्ट | १५२–१५२ |
| वरिष्ठ अधिवक्ता मोतिकाजी स्थापित | १५३–१५४ |
| वरिष्ठ अधिवक्ता सर्वज्ञरत्न तुलाधर | १५५–१५५ |
| नेपाल बारका संस्थापक अध्यक्ष वरिष्ठ अधिवक्ता देवनाथप्रसाद वर्मा | १५६–१५७ |
| वरिष्ठ अधिवक्ता कुञ्जविहारी प्रसाद सिंह | १५८–१५८ |
| ना.सु. पूर्णनारायण प्रधानः ज्यूदो शहीद | १५९–१६० |
| वरिष्ठ अधिवक्ता कुसुम श्रेष्ठ | १६१–१६१ |
| वरिष्ठ अधिवक्ता गणेशराज शर्मा | १६२–१६२ |
| सर्वोच्च अदालतका प्रथम महिला न्यायाधीश सुशीला सिंह सिलु | १६३–१६४ |
| वरिष्ठ अधिवक्ता कृष्णप्रसाद पन्त | १६५–१६५ |
| वरिष्ठ अधिवक्ता वासुदेवप्रसाद ढुंगाना | १६६–१६७ |
| प्रथम महिला वकील एजेन्ट शान्तिदेवी थापा (शाह) | १६८–१६९ |
| पहिलो एडभोकेट रामलखन रौनियार | १६९–१६९ |
| नेपालमा औपचारिक कानूनी शिक्षाको प्रारम्भः स्रेस्ता पाठशाला र पास जाँच अड्डाको स्थापना | १७०–१७४ |
| गोरखा भाषा प्रकाशिनीको इतिहास | १७४–१७५ |
| तत्कालीन गोरखा भाषा प्रकाशिनीबाट प्रकाशित स्रेस्ता पाठशालाका पाठ्यपुस्तकहरू | १७५–१७५ |
| कानूनी नेपाली भाषाको विकासक्रम | १७६–१७७ |

| | |
|---|---|
| राममणि आदी | १७८-१७८ |
| केही पुराना अड्डाखाना तथा कानूनी पदका शब्दावलीहरू | १७८-१८० |
| नेपालमा मृत्युदण्ड विघटन सम्बन्धी कानूनी व्यवस्था | १८०-१८० |
| नेपालमा कारागारको इतिहास | १८१-१८१ |
| नेपालमा पुस्तकालयको इतिहास | १८२-१८४ |
| नेपाल ल कलेजका संस्थापक प्रा. रामराज पन्त | १८५-१८५ |
| व्यावसायिक ल फर्मको प्रारम्भ अधिवाचनालयको स्थापना | १८६-१८६ |
| नेपाल ल फर्म : पहिलो कानूनी गुरूकुल | १८७-१८७ |
| नेपालका प्रथम न्यायाधीश जनरल (प्रधानन्यायाधीश) बहादुर शमशेर | १८७-१८७ |
| नेपाल गजेट (नेपाल राजपत्र)को इतिहास | १८८-१८८ |
| नेपाल कानून पत्रिकाको इतिहास | १८९-१८९ |
| नेपालमा नागरिक हक तथा मौलिक हक सम्बन्धी कानूनी व्यवस्था | १९०-१९० |
| नेपालको ऐतिहासिक संवैधानिक विकासक्रम | १९०-१९८ |
| नेपालको निशाना छाप | १९९-१९९ |
| नेपालको राष्ट्रिय झण्डा | १९९-१९९ |
| नेपालको राष्ट्रिय गान | २००-२०० |
| ईश्वरीय भयवादमा आधारित नेपालको प्राचीन न्याय पद्धति | २०१-२०२ |
| जयस्थिति मल्ल र न्यायविकासिनी | २०२-२०२ |
| ब्रेन हयुटोन हडसन (B.H. Hudgsan) नेपालको प्रथम कानूनी अन्वेषक | २०३-२०३ |
| विविध (सामान्य ज्ञान) | २०४-२०२२ |




**नेपाल कानून व्यवसायी परिषद्**
कुपण्डोल, ललितपुर
फोन नं. : +९७७-०१-५२६०९६४, ५२६१८८४
इमेल : info@nepalbarcouncil.org.np
वेबसइट : nepalbarcouncil.org.np